पैंयूँ गाउँपालिका

गाउँ कार्यपालिका वैठक

सम्वत् २०७९।१२।२९गते आ.ब. २०७९/८० बैठक क्र.सं.१५

निर्णयहरु:

१. गाउँ कार्यापालिकाका पूर्व निर्णयहरुको कार्यान्वयनको अवस्था समिक्षा गरीयो । कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो ।

२. गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका माध्यमिक बिद्यालयहरु मध्ये स्थानीय गाउँ शिक्षा समितिबाट सिफारिस भई आए अनुसार शैक्षिक सत्र २०८० देखि पैंयूँ गाउँपालिका वडा नं ४ स्थित श्री जनसेवा संस्कृत माध्यमिक विद्यालयमा अंग्रेजी विषय समेतबाट पठनपाठन सञ्चालन गर्ने गरी आवश्यक ब्यवस्था मिलाउन पूर्वाधार मर्मतका लागि रु. ५ लाख बरावरको खर्च ब्यहोर्ने ।बाल कक्षा देखि कक्षा ५ सम्म सवै सामुदायिक विद्यालयमा तथा जनसेवा संस्कृत माध्यमिक विद्यालयमा अंग्रेजी माध्यमबाट कक्षा सञ्चालन गर्दा लाग्ने पाठ्यपुस्तकको खर्च गाउँपालिकाको श्रोतबाट ब्यहोर्ने र शैक्षिक सुधारका लागि विद्यालय सञ्चालन तथा ब्यवस्थापनका लागि जनशक्ति र कक्षा सञ्चालन सम्वन्धमा नीतिगत निर्णयका लागि गाउँ शिक्षा समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

३. पैंयूँ गाउँपालिका क्षेत्र भित्र सञ्चालित सामुदायिक विद्यालयमा विद्यार्थी भर्नादर बृद्धि गर्नका लागि गाउँपालिका क्षेत्र भित्र कार्यरत सरकारी कर्मचारी, जनप्रतिनिधिहरु, बिद्यालय ब्यवस्थापन समितिका पदाधिकारी शिक्षक अभिभावक संघका पदाधिकारीका सन्ततीहरुलाई शैक्षिक सत्र २०८० देखि अनिवार्य रुपमा सामुदायिक विद्यालयमा पठन पाठन गराउने ।

४. गाउँपालिका क्षेत्र भित्रको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि गाउँपालिका क्षेत्र भित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयसंग समन्वय सहजीकरण तथा सुपरीवेक्षणका लागि तपसिल बमोजिम समिति गठन गर्ने ।

समन्वय, सहजीकरण र सुपरीवेक्षण समिति

| | | | |
|---|---|---|---|
| क. | उपाध्यक्ष | श्री यामकुमारी राना | संयोजक |
| ख. | प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको १ जना अधिकृत | | सदस्य |
| ग. | गाउँ कार्यापालिका सदस्य | श्री मिन प्रसाद न्यौपाने | सदस्य |
| घ. | गाउँ कार्यपालिका सदस्य | श्री नारायण भुर्तेल | सदस्य |
| ङ | गाउँ कार्यपालिका महिला सदस्य | श्री शर्मिला नेपाली | सदस्य |
| च | पूर्वाधार शाखा प्रमुख वा निजले तोकेको १ जना प्राविधिक कर्मचारी | | सदस्य |
| छ | शिक्षा शाखा प्रमुख | श्री कल्पना शर्मा | सदस्य सचिव |

पैयूँ गाउँपालिका

गाउँ कार्यपालिका वैठक

सम्वत् २०७९।१२।२९गते आ.ब. २०७९/८० बैठक क्र.सं.१५

५. जोखिमयुक्त रुख कटानका कार्यक्रम सम्वन्धमा समीक्षा गरियो । कार्यक्रमको प्रभावकारी तथा औचित्यताका सम्वन्धमा अधिकांश जनसमुदायबाट सकरात्मक प्रतिक्रिया आउनुका साथै एकाध जनगुनासो समेत आएकोले आगामी दिनमा कार्य्रक्रमको उद्देश्य परिपूर्ति हुने गरी गुनासो रहित ढंगबाट चालु आर्थिक वर्षको लागि जम्मा २ महिनाको समयावधी भित्र सुसम्पन्न गर्ने गरि आवश्यक ब्यवस्था मिलाउने ।साथै ३ नं. वडा कार्यालय अन्तर्गत रुख कटान शीर्षकमा बिनियोजित बजेट पालिका स्तरीय कार्यक्रममा समाहित हुने गरि खर्च लेख्ने ।

६. मागमा आधारित भएर कार्यालयले खरिद गरेको खानेपानी/सिचाँइ पाइपको रु. ४ लाख १२ हजार बराबरको खरिद बिल अनुसार रकम मागमा आधारित खर्च शीर्षकबाट ब्यहोर्ने गरी भुक्तानी दिने ।

७. ६ नं. वडा स्थित सरौखोलामा मोटरेवल पुलको लागि आवश्यक रकम बिनियोजनका लागि सम्वन्धित निकायमा लेखी पठाउने ।

पैयूं गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३